जलेश्वर नगरपालिका
Jaleshwor Municipality
नगर कार्यपालिकाको कार्यालय
Office Of Municipal Executive
जलेश्वर, महोत्तरी, मधेश प्रदेश, नेपाल
Jaleshwor, Mahottari, Madhesh Province, Nepal

कार्यालय :०४४-५२००८७
बारुणयन्त्र :०४४-५२००९७
Email:jaleshwormun@gmail.com

पत्र संख्या(Fiscal Year):- ०८२/०८३

चलानी नं.(Ref. No.):- ६२२

मिति(Date):- ०८२/०७/१८

## शिशुको संरक्षक हुन ईच्छुक व्यक्ति वा परिवारले सम्पर्क गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः- २०८२/०७/१७)

मुलुकी देवानी संहिता २०७४ र बालबालिका सम्बन्धी ऐन, २०७५, नियमावली, २०७८ तथा बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यविधि, २०८२ मा भएको व्यवस्था अनुरुप मिति २०८२/०६/२९ गते अन्दाजी दिनको १३:१५ बजेको समयमा जिल्ला महोत्तरी जलेश्वर न.पा. वार्ड नं. २ स्थित भगेश्वर कुटिबाट अन्दाजी २० मीटर पश्चिम तर्फ रहेको धान खेतमा नवजात शिशु (बालक) फेला परेकोमा निजको संरक्षण, पालन पोषण तथा उचित हेरचाहका लागि नवजात शिशु हकदावी सम्बन्धी १५ दिने सूचना प्रकाशन गरिएकोमा कुनै निवेदन दर्ता हुन नआएकोले स्थानीय बाल अधिकार समितिको मिति २०८२/०७/१७ गतेको निर्णय अनुसार उक्त शिशुको संरक्षक भई हेरचाह गर्न ईच्छुक व्यक्ति वा परिवारले तपसिलका कागजात सहित जलेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वर, महोतरीमा यो सूचना प्रकाशित मितिले ७ दिन भित्र सम्पर्क गर्नुहुन अनुरोध छ ।

**आवश्यक कागजातहरु**

१. नेपाली नागरिक हुनुपर्ने ।

२. आर्थिक रुपमा सक्षम भएको स्थानीय तहको सिफारिश (आयश्रोत झल्किने अन्य कागजात) ।

३. घरेलु हिंसा, बालबालिका विरुद्धको कसुर तथा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी नठहरिएको स्वघोषणा

४. मान्यता प्रास चिकिस्तकबाट शारिरिक तथा मानसिक रुपमा बालबालिका हेरचाह गर्न सक्षम भएको, दीर्घकालिन उपचार गर्नुपर्ने वा सरुवा रोग बाट संक्रमित नभएको, लागु पदार्थ दुर्व्यसन वा अन्य कुनै कुलतमा नफसेको सम्बन्धी सिफारिस ।

५. शिशु र संरक्षकको उमेरको फरक कम्तिमा २५ वर्ष नाघेको हुनुपर्ने ।

६. निसन्तान हुनुपर्ने।

७. विवाह भएको दश वर्षसम्म पनि छोरा वा छोरी नभएको दम्पति।

८. पैंतालीस वर्ष उमेर पूरा भएकी अविवाहिता, विधवा, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेकी छोरा वा छोरी नहुने महिला ।

९. पैंतालीस वर्ष उमेर पूरा भएको अविवाहित, विधुर, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेको छोरा वा छोरी नहुने पुरुष

१०. यसमा उल्लेख नभएका विषयहरुको सन्दर्भमा प्रचलित कानून बमोजिम हुनेछ ।

(होम प्रसाद घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत